नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ — स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १०७ | २०७७ साल मंसिर ६ गते शनिबार (21 Nov. 2020 Saturday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चार लाख शब्द समावेश ... ३ पृष्ठमा : व्यवसाय निरन्तरता दिन... ३ पृष्ठमा : अमेरिकाको राष्ट्रपतिमा निर्वाचित..

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अस्ताउँदो सूर्यलाई हजारौं ब्रतालुको अर्घ



**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

सूर्य उपासनाको अदितिय साँस्कृतीक पर्व अन्तरगत शुक्रबार सभ्कििया घाट (अस्ताउँदो सूर्यको पूजा) सम्पन्न भएको छ ।

बुधबार नहाय खायसँगै सुरु भएको चारदिने छठ पर्वको तेश्रो दिन जिल्लामा बेहुँली झैं सिंगारिएको छठ घाटबाट हजारौं ब्रतालुले शुक्रबार सन्ध्याकालिन सूर्यलाई अर्घ प्रदान गरेका छन् ।

ध्वजापताकाले सजिएको घाटबाट जलाशयमा उभिएर ब्रतालुहरुले अस्ताउँदो सूर्यलाई बिधि बिधानपूर्वक अर्घ प्रदान गरेका छन् ।

पूजा सामाग्रिको रुपमा घाटमा सजाय राखिएका केरा, नरियल, ठकुवा, भुसुवा, परोकिया, उखु लगायतका फलफुल तथा मिष्ठान अर्घका रुपमा ब्रतालुले सूर्य देवतालाई चढाएका थिए ।

कोरोनाको जोखिमका बाबजुद सूर्य पूजा गर्न यहाँका भगवती कल्टु, तुरन्ती, पूर्णी लगायतका सप्तकोशी किनारमा हजारौं श्रद्धालु भेला भएका छन् ।

जलाशयहरु छठी मैयाको गितले गुन्जयमान भएका छन् । श्रद्धालुको अत्याधिक चापलाई दृष्टिगत गरि जिल्ला प्रहरी कार्यालयले सुरक्षा व्यवस्था कडा बनाएको छ । छठ घाटहरुमा सादा पोशाकमा समेत प्रहरी परिचालन गरिएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए ।

शनिबार बिहान उदाउँदो सूर्यलाई अर्घ प्रदान गरेपछि चार दिवसीय छठ पर्व विधिवत सम्पन्न हुनेछ ।

# ३३ एसएसपीको सरुवा

काठमाडौँ, ५ मङ्सिर (रासस) ।

गृह मन्त्रालयले नेपाल प्रहरीका ३३ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)को सरुवा गरेको छ। गृहमन्त्रीस्तरको शुक्रबारको निर्णयअनुसार यही सात गतेदेखि लागू हुने गरी एसएसपीको सरुवा गरिएको छ। जसअनुसार प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अपराध नियन्त्रण महाशाखाका एसएसपी अशोक सिंहलाई महानगरीय प्रहरी परिसर काठमाडौँको प्रमुखमा सरुवा गरिएको छ। उक्त स्थानमा परिसरका प्रमुख श्यामलाल ज्ञवालीलाई ल्याइएको छ।

एसएसपी किरण बज्राचार्यलाई महानगरीय प्रहरी कार्यालय रानीपोखरीबाट महानगरीय प्रहरी परिसर ललितपुर पठाइएको छ। प्रहरी प्रवक्ता कुवेर कडायतलाई प्रहरी युक्ति तालिम महाविद्यालय नवलपसारी सरुवा गरिएको छ। त्यहाँ हाल कार्यरत बसन्तबहादुर कुँवरलाई प्रहरी महानिरीक्षकको सचिवालयमा ल्याइएको छ। प्रहरी प्रधान कार्यालय तालिम महाशाखाका जनक भट्टराईलाई महानगरीय ट्राफिक प्रहरी महाशाखामा सरुवा गरिएको छ भने महाशाखा प्रमुख भीमप्रसाद ढकाललाई प्रहरी प्रधान कार्यालय सामुदायिक प्रहरी महाशाखामा पठाइएको छ। ललितपुरका प्रहरी प्रमुख टेकप्रसाद राईलाई प्रहरी प्रधान कार्यालय कार्य विभाग कार्य महाशाखा ल्याइएको छ।

# कोरोना संक्रमणबाट जेष्ठ नागरिकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

सप्तरीको बोदे बर्साइन नगरपालिका ३ की एक ज्येष्ठ नागरिक महिलाको कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु भएको छ।

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड अस्पतालमा ७१ वर्षीया वृद्धाको मृत्यु भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

निमोनियासम्वन्धी समस्या देखिएर अस्पतालमा भर्ना भएकी जेष्ठ नागरिक महिलाको बिहीबार कोरोना सङ्क्रमण पुष्टि भएको थियो।

योसँगै सप्तरीमा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ३५ जना पुगेको स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनीयालाल यादवले जानकारी दिएका छन् ।

# छठपर्वमा मुख्यमन्त्री राउतद्वारा शुभकामना

धनुषा, ५ मङ्सिर (रासस) ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले लोकआस्थाको महापर्व छठपर्वको अवसरमा सम्पूर्ण हिन्दू धर्मावलम्बी एवं प्रदेशवासीमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ ।

मुख्यमन्त्री राउतले शुक्रबार एक विज्ञप्ति जारी गर्दै विश्वसहित मुलुक अहिले कोरोना महामारीको चपेटामा रहेको हुँदा स्वास्थ्य सतर्कता अपनाई लोकआस्थाको महापर्व छठ हर्षोलासपूर्वक मनाउन सम्पूर्ण प्रदेशवासीमा अपिल गर्नुभएको छ ।

विज्ञप्तिमार्फत उहाँले प्रदेश सरकारले स्थापनाकालदेखि नै छठ पर्वको अवसरमा दुई दिन षष्ठी र सप्तमी तिथिमा बिदा दिने गरेको र यस वर्ष पनि दुई दिन शुक्रबार र शनिबार सार्वजनिक बिदा प्रदेश सरकारले वार्षिक क्यालेण्डर नै सार्वजनिक गरिसकेको हुँदा कुनै प्रकारको अलमलमा नपर्न आग्रह गर्नुभएको छ ।

**सूचना**

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# थप एक हजार ९४५ मा सङ्क्रमण

काठमाडौँ, ५ मङ्सिर (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप १ हजार ९४५ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार विभिन्न प्रयोगशालामा पछिल्लो समय १० हजार ३४० जनाको स्वास्थ्य परीक्षण गर्दा ७४० महिला र एक हजार २०५ पुरुष गरी उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख १६ हजार ९६५ पुगेको छ। पछिल्लो समय थप पाँच हजार ३६४ जना निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या पनि एक लाख ९९ हजार दुई पुगेको छ। निको हुने दर ८८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल देशभर २४ हजार ६६५ सक्रिय सङ्क्रमित छन्। यो कूल सङ्क्रमितको ११.४ प्रतिशत हो। देशभर ७५३ जना क्वारेन्टिनमा र १९ हजार १४ होम आइसोलेशनमा छन्। सङ्क्रमितमध्ये ४०३ जनाको सघन उपचार कक्ष र ६३ जनाको भेन्टिलेटरमा उपचार भइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या एक हजार २९८ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप २२ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा काठमाडौँ उपत्यकामा एक हजार १०७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। जसमा ४८४ महिला र ६२३ पुरुष रहेका छन्। मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार अहिलेसम्ममा काठमाडौँमा एक हजार ६८१, ललितपुरमा दुई हजार २२८ र भक्तपुरमा ७८३ जना सक्रिय सङ्क्रमित रहेका छन्। हालसम्ममा काठमाडौँ उपत्यकाकै सबैभन्दा बढी काठमाडौँमा ३१६, भक्तपुरमा ८३ र ललितपुरमा ८९ जनाले कोरोनाका कारण ज्यान गुमाइसकेका छन्। हाल देशका १२ जिल्लामा ५०० भन्दाबढी सङ्क्रमित उपचाररत छन् भने एक मात्र जिल्ला मनाङ सङ्क्रमणमुक्त रहेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# चार लाख शब्द समावेश भएको संस्कृत-नेपाली विद्युतीय शब्दकोश

काठमाडौँ, ५ मङ्सिर (रासस)।

स्वामी केशवानन्द गिरिले विश्वमै ठूलो संस्कृत-नेपाली विद्युतीय शब्दकोश निर्माण गरी सार्वजनिक गर्नुभएको छ। यो विद्युतीय शब्दकोशबाट संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रेजी चार भाषाका शब्दको अर्थ थाहा पाउन सकिन्छ।

शब्दकोशमा चारवटै भाषाका गरी चार लाख शब्दको अर्थ समावेश गरिएको छ। शब्दकोष एण्ड्रोइड मोबाइलमा डाउनलोड गरी उपयोग गर्न सकिन्छ। यसैगरी वेबसाइटमा केएन स्वामी डटकममा गएपछि चार भाषाका करिब चार लाख शब्द खोज्न सकिने शब्दकोश निर्माणकर्ता स्वामी केशवानन्दले राससलाई जानकारी दिनुभयो। यी चार भाषाका शब्द 'फूल टेक्स्ट' खोज्न यो एप र वेबसाइट उपयोगी हुनेछ। एउटा शब्दको चारै भाषाका अर्थ थाहा पाउन सकिनेछ।

शब्दकोशमा संस्कृतबाट नेपालीका एक लाख, संस्कृतबाट संस्कृतका डेढ लाख, संस्कृतबाट हिन्दी ५० हजार र संस्कृतबाट अङ्ग्रेजीका ५० हजार गरी चार लाख शब्द सामावेश गरिएको छ। धातु र त्यसको कृदन्त रूप ५० हजार गरी चार लाख शब्दको ज्ञान कोशबाट वेबसाइट वा एपमा गएर हेर्न सकिने गरी समावेश गरिएको उहाँले बताउनुभयो। कोरोना भाइरसको सङ्क्रमणबाट बच्न गत वर्ष चैतमा सरकारले बन्दाबन्दी जारी गरेपछि स्वामी केशवानन्द गिरिको नेतृत्वमा शब्दकोश निर्माणका लागि काम शुरु भएको हो।

संस्कृत शब्दको अर्थ जान्न चाहने, संस्कृतका विद्यार्थी, अध्ययन एवं अनुसन्धान गर्न चाहनेका लागि शब्दकोश उपयोगी छ। शिलालेख, प्राचीन अभिलेख लगायतका सामग्रीको अध्ययनका लागि पनि यो शब्दकोश महत्वपूर्ण सामग्री हुनेछ। संस्कृतका दुई शब्दकोश 'वाचस्पत्यम्' र 'शब्दकल्पद्रुम' का सबै शब्द टाइप गरेर विद्युतीय माध्यमबाट हेर्न सकिने बनाइएको छ। 'वाचस्पत्यम्' सन् १८७० मा तारानाथ तर्क वाचस्पति भट्टाचार्यले तयार पारेको कोश हो। यसैगरी 'शब्दकल्पद्रुम' सन् १८५९ मा राजा राधाकान्तदेवले तयार पारेको कोश हो। दुवै कोशका सबै शब्द विद्युतीय माध्यममा राखिएको छ।

यसैगरी वामन शिवराम आप्टेको सन् १९६६ मा प्रकाशित संस्कृत-हिन्दी र सन् १८९० मा प्रकाशित संस्कृत-अङ्ग्रेजी कोशका समेत सबै शब्द विद्युतीय माध्यममा राखिएको छ। नेपाल संस्कृत विश्वविद्यालयले प्रकाशन गरेको बृहत् नेपाली-संस्कृत शब्दकोश, कुलचन्द्र गौतमको संस्कृत-नेपाली कोश, संस्कृत-कन्नड कोश, मुनियर निलिम्सको संस्कृत-अङ्ग्रेजी कोश पनि टाइप गरेर विद्युतीय माध्यममा समावेश गरिएको छ। यसैगरी नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको नेपाली बृहत् शब्दकोशका पनि सबै शब्द अब एण्ड्रोइड एप र वेबसाइटमा एकसाथ राखिएको छ।

धातुको व्युत्पत्ति भने केशवानन्दले आफैँ अनुवाद गरेर राख्नुभएको हो। नेपाली कोशमा व्युत्पत्ति र धातुको अर्थ थपेर समावेश गरिएको छ। यसैगरी धातुमा उपसर्ग लगाउँदाको अर्थ समेत विद्युतीय माध्यमबाट खोजी गर्न सक्ने गरी समावेश गरिएको छ। धातुको रूप भने केही समयमा राख्ने सोचमा उहाँ हुनुहुन्छ। यी सबै विषय समावेश गरिएको एकीकृत कोश विश्वमै पहिलो भएको उहाँको भनाइ छ। यस वर्ष विजयादशमीको अवसरमा यो विद्युतीय कोश शुभारम्भ गरिएको हो।

कोशको मोबाइल एप हालसम्म तीन हजार जनाले डाउनलोड गरिसकेका छन्। डाउनलोड गर्नेबाट आएको प्रतिक्रिया सकारात्मक रहेको जनाइएको छ। एण्ड्रोइड फोनका फाइभ भर्जनभन्दा माथिका मोबाइलमा यो कोश खुल्ने गरेको छ। मोबाइल एप १२६ एमबीको भएकाले एक जिबी डाटा आवश्यक पर्नेछ। कोश एप र वेबसाइटमा उपलब्ध भएपछि यसका प्रयोगकर्ता ठूला ठूला शब्दकोश बोकेर हिँड्नुपर्ने, पल्टाउनुपर्ने झन्झटबाट मुक्त भएका छन्। प्रयोगकर्ताका माझ यो सजिलो शब्दकोशका रूपमा आएको छ।

**डा रामानन्द गिरिबाट सङ्कलनको प्रेरणा**

शब्दकोश सङ्कलनको प्रेरणा स्वामी केशवानन्दलाई उहाँका गुरु स्वामी डा रामानन्द गिरिबाट मिलेको हो। महेश संस्कृत गुरुकुल देवघाटमा कक्षा ७ र ८ मा अध्ययनका क्रममा डा रामानन्दले कापीमा तयार पार्न लगाउनुभएको करिब ३०० पृष्ठको संस्कृत-नेपाली शब्दकोश यो बृहत् कामको प्रेरणाका रूपमा रहेको उहाँ सुनाउनुहुन्छ। कक्षा ९ र १० मा अध्ययनका क्रममा विसं २०५८ तिर कम्प्युटरसमेत सिक्न पाएपछि कोशलाई प्रविधिमा जोडेर वेबसाइटमा उपलब्ध गराउने इच्छा उहाँमा जागृत भएको थियो।

शब्दकोशमा आफूले चाहेको शब्द टाइप गरेर खोज्न सकिन्छ। चाहेको शब्द नेपाली वर्णानुक्रमानुसार समेत खोज्न सकिन्छ। धेरैजसो आवश्यक पर्ने शब्दलाई प्रयोगकर्ताले 'फेवरेट' बनाएर राख्न सक्ने सेवा पनि विद्युतीय शब्दकोशमा उपलब्ध छ। एउटा शब्द राख्ने बित्तिकै त्यसका चारै भाषाका अर्थ हेर्न सकिन्छ। यसमा संस्कृतका पर्यायवाची शब्द पनि जोड्ने लक्ष्यमा स्वामी हुनुहुन्छ। शब्दकोशलाई 'आइवोएस' प्रविधिमा डेभलप गरी अझ बढी प्रयोगकर्तालाई सेवा दिने लक्ष्यसमेत राखिएको छ। 'आइवोएस' प्रविधिमा डेभलप गर्न रु ६५ हजार लाग्ने भएकाले स्रोत व्यवस्थापनको काम भइरहेको जनाइएको छ।

**निःशुल्क सेवा**

गुरुकुलमा आफूले निःशुल्क शिक्षा आर्जन गरेकाले करिब रु ५० लाखको लागतमा यो विद्युतीय कोश निर्माण गरी बिना शुल्क पाठकका लागि उपलब्ध गराएको उहाँले बताउनुभयो। विद्युतीय कोशमा कुनै पनि विज्ञापनसमेत राखिएको छैन। विज्ञापन राखेर आर्जन गर्दा पाठक एवं खोजकर्ताको ध्यान विज्ञापनतिर जाने भएकाले निःशुल्क हेर्न सकिने व्यवस्था मिलाइएको स्वामी केशवानन्द बताउनुहुन्छ।

बन्दाबन्दीका शुरुका छ महिना बिहान पाँच बजेदेखि राति ११ बजेसम्म आफू र आफ्ना छ जना शिष्य खटेर गिरिले कोश तयार पार्नुभएको हो। कोशको वेबसाइट नवीकरणका रूपमा वार्षिक रु ३० हजार खर्च गर्नुपर्ने हुन्छ।

**पूर्वीय वाङ्मयलाई प्रविधिसँग जोड्दै केशवानन्द**

नेपालीमा प्रयोग हुने करिब ७५ प्रतिशत संस्कृतका शब्द जान्न पनि यो कोश उपयोगी हुनेछ। पूर्वीय वाङ्मयलाई प्रविधिसँग जोडेर उहाँले जिज्ञासुका लागि अध्ययन एवं अनुसन्धान गर्न सहज बनाइदिनुभएको छ। वाजसनेयि-माध्यन्दिन-शुक्लयजुर्वेद-संहितालाई केएन स्वामी युनिकोड फन्ट तयार पारी उहाँकै सम्पादनमा प्रकाशन भएको छ।

शुक्लयजुर्वेदको यो पुस्तक आउनुअघि नेपाली प्रकाशनले निकालेको शुद्ध पुस्तक पाउन कठिन थियो। यसैगरी लघुसिद्धान्त कौमुदीको नेपाली अनुवादका दुई भाग पनि उहाँले प्रकाशन गरी संस्कृत पढ्न चाहने विद्यार्थीका लागि सहज बनाइदिनुभएको छ। लघुसिद्धान्त कौमुदीको नेपाली अनुवादका चार भागमध्ये दुई भाग प्रकाशोन्मुख छन्।

आफूले गुरुकुलमा अध्ययनका क्रममा पाठ्यसामग्री पाउन मुस्किल भएको अनुभव पछिका विद्यार्थीले भोग्न नपरोस् भनी गिरिले यो काम गर्नुभएको हो। पूर्वीय वाङ्मयका यी पुस्तकको माग अमेरिका, क्यानाडा, अष्ट्रेलियालगायत देशमा रहेका बर्मा, भुटान, भारत र नेपालका नेपाली मूलका पाठकबाट भइरहेको छ।

संस्कृत विश्वविद्यालयबाट 'पाणिनिको अष्टाध्यायीमा अद्वैत दर्शन' विषयमा विद्यावारिधि शोध गरिरहनुभएका गिरिको लक्ष्य पूर्वीय वाङ्मयलाई प्रविधिसँग जोड्दै विद्यार्थी एवं अनुसन्धाताका लागि सहज वातावरण बनाइदिनु रहेको छ।

# क्रियाशील सदस्यता विवरण पठाउन जिल्ला सभापतिलाई निर्देशन

काठमाडौँ, ५ मङ्सिर (रासस)।

नेपाली काँग्रेसले पार्टीको आगामी १४औँ महाधिवेशनको तयारीका लागि नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणको विवरण यही मङ्सिरभित्रै केन्द्रमा पठाउन जिल्ला सभापतिलाई निर्देशन दिएको छ।

काँग्रेसको गत कात्तिक २८ गतेको केन्द्रीय कार्यसमितिको बैठकले गरेको निर्णयअनुसार क्रियाशील सदस्यता वितरण र नवीकरणसम्बन्धी विवरण केन्द्रमा पठाउन सबै जिल्ला सभापतिलाई मङ्सिर २ गते निर्देशन गरिएको पार्टी मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। जिल्ला कार्यसमितिले केन्द्रको परिपत्रको सबै प्रक्रिया पूरा गरेर नामावली सूची प्रकाशित गरी विधानबमोजिम आवश्यक कागजात र तोकिएअनुसारको शुल्कसहित मङ्सिरभित्र अनिवार्यरुपमा केन्द्रमा पठाउनुपर्नेछ।

काँग्रेस मुख्य सचिव पौडेलका अनुसार गत फागुन १३ र साउन २२ गते केन्द्रबाट जारी गरिएको क्रियाशील सदस्यता वितरणसम्बन्धी परिपत्रअनुसारको प्रक्रिया पूरा नगरी वितरण गरिएका र केन्द्रमा पठाइएका क्रियाशील सदस्यताको नामावली (नयाँ र नवीकरण) स्वीकृत नहुने भएको छ।

काँग्रेसको नेतृत्व चयनमा महत्वपूर्ण भूमिका रहने क्रियाशील सदस्यता सङ्ख्या हाल करिब पाँच लाख रहेका छन्। काँग्रेस केन्द्रीय समितिको निर्णयअनुसार क्रियाशील सदस्यता वितरण र नवीकरण तथा अन्य पार्टीबाट प्रवेश गरेकालाई समेत प्रदान गर्दा सो सङ्ख्या दोब्बर हुने पार्टी कार्यालयले जनाएको छ।

काँग्रेसले पार्टीको १४औँ महाधिवेशन आगामी फागुन ७ देखि १० गतेसम्म निर्धारण गरी सोहीअनुसार कार्यतालिका सार्वजनिक गरिसकेको छ। काँग्रेसको १३औँ महाधिवेशन २०७२ साल फागुन २० देखि २३ गतेसम्ममा काठमाडौँमा भएको थियो। काँग्रेसका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्ष हुने विधानमा उल्लेख भए पनि विधानकै अर्को व्यवस्थाअनुसार एक वर्ष समयावधि यसअघि नै थप गरिसकिएको छ।

# व्यवसाय निरन्तरता दिन सहुलियतपूर्ण व्यावसायिक कर्जा

काठमाडौं, ५ मङ्सिर (रासस)।

सरकारले कोभिड-१९ बाट प्रभावित भएका व्यवसायलाई निरन्तरता दिन सहुलियतपूर्ण व्यावसायिक कर्जा उपलब्ध गराउने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकको गत कात्तिक २७ को निर्णयअनुसार शुक्रबारदेखि नै लागू हुने गरी रोगको महारीबाट प्रभावित घरेलु तथा साना उद्यम सञ्चालन, विभिन्न व्यवसायको श्रमिक र कर्मचारीको पारिश्रमिक भुक्तानी र व्यवसायको निरन्तरताका लागि व्यावसायिक कर्जा उपलब्ध गराउने भएको हो।

यसका लागि मन्त्रिपरिषद्ले 'व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि २०७७' पारित गरेको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले जानकारी दिनुभयो। सिंहदरबारमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा कात्तिक २७ र मङ्सिर ३ गते भएको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै मन्त्री गुरुङले कर्जा प्रभावका लागि अति प्रभावित, मध्यम र न्यून प्रभावित क्षेत्र तोकेर तीन भागमा विभाजन गरिएको जानकारी दिनुभयो। उक्त कार्यविधि शुक्रबारकै मितिदेखि लागू भएको उहाँले जानकारी दिनुभयो।

विगतमा व्यवसायीबाट आएको मागलाई सम्बोधन गर्दै उक्त निर्णय गरिएको सरकारले जनाएको छ। उक्त कार्यक्रमका लागि अर्थ मन्त्रालयले आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय पनि सरकारले गरेको छ।

मन्त्रिपरिषद् बैठकले नेपाल शहरी शासकीय सुधार तथा पूर्वाधार आयोजनाका लागि विश्व बैंक समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट प्रस्तावित १५ करोड डलर (करिब रु १८ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण सहायता रकम स्वीकार गर्ने निर्णय पनि गरेको उहाँले जानकारी दिनुभयो।

मन्त्रिपरिषद्ले 'सहलगानीसम्बन्धी कार्यविधि, २०७७' समेत स्वीकृत गरेको छ। नेपालको संविधानबमोजिम नै सङ्घ रप्रदेश र स्थानीय तहको पारस्परिक समन्वय र सहकार्यका आधारमा सहलगानीका माध्यामबाट विकास र पूर्वाधार निर्माणलाई प्रभावकारी बनाउन सरकारले उक्त कार्यविधि ल्याएको हो। "कुनै स्थानीय तहको गौरवको आयोजना छ भने त्यसमा सङ्घ र प्रदेशलेसमेत लगानी गर्न सक्नेछ", मन्त्री गुरुङले भन्नुभयो।

सरकारले गैरकानूनीरुपमा लामो समयसम्म नेपालमा बसोबास गर्दै आएका विदेशी नागरिकलाई निष्कासन गर्ने निर्णय पनि गरेको छ। निष्कासनमा पर्नेमा अष्ट्रेलियन नागरिक मार्क लेस्ली डेन्गोट र यमन गणराज्यका नागरिक मोहम्मद स्माइल अहमेद ओवादी तथा नासिम स्माइल अहमेद ओबादी रहेका छन्।

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको अध्यक्षमा काठमाडौँका उद्वप्रसाद तिमिल्सिनालाई नियुक्ति गर्ने निर्णय पनि भएको उहाँले जानकारी दिनुभयो। मन्त्रिपरिषद्ले सुर्खेत र विराटनगर विमानस्थलका लागि नागरिक उड्डयन प्राधिकरणलाई जग्गा अधिग्रहण गर्न स्वीकृत प्रदान गरेको छ। सुर्खेतका लागि २० र विराटनगरका लागि १२६ बिघा अधिग्रहण गर्न स्वीकृत प्रदान गरिएको छ।

यस्तै सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा १ बमोजिम आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी सो सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने निर्णय पनि गरेको प्रवक्ता गुरुङले जानकारी दिनुभयो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### अमेरिकाको राष्ट्रपतिमा निर्वाचित बाइडेन ७८ वर्षमा प्रवेश, सबैभन्दा ज्येष्ठ राष्ट्रपति बन्दै

वासिङटन, ५ मङ्सिर (रासस/एपी)।

अमेरिकी राष्ट्रपतिमा निर्वाचित जो बाइडेनको शुक्रबार जन्मोत्सव परेको छ। उहाँ शुक्रबारदेखि ७८ वर्षमा प्रवेश गर्नुभएको हो। उहाँले सपथ ग्रहण गर्दा अमेरिकाको इतिहासमा अहिलेसम्मकै सबैभन्दा जेष्ठ राष्ट्रपति हुनुहुने जनाइएको छ।

यसअघि सन् १९८९ मा ह्वाइट हाउसमा शपथ ग्रहण गरेका बेला तत्कालीन राष्ट्रपति रोनाल्ड रेगन ७७ वर्ष ३४९ दिनका हुनुहुन्थ्यो। अहिलेसम्म उहाँलाई नै सबैभन्दा बुढो राष्ट्रपति मानिदै आएको थियो।

उमेर र स्वास्थ्य दुवै दृष्टिकोणले बाइडेनभन्दा ट्रम्प चार वर्ष कान्छो भएको समाचारमा उल्लेख गरिएको छ। उमेरको हिसाबले बाइडेन बवद्ध भए पनि अहिलेको सङ्कटपूर्ण अवस्थालाई व्यवस्थापन गर्न सक्ने अवस्थामा नै उहाँ रहेको र उहाँको परिपक्वताले थप सहयोग गर्ने राजनीतिशास्त्रीहरुले बताएका छन्।

बाइडेनसँगै उपराष्ट्रपतिमा निर्वाचित हुनुभएकी कमला ह्यारिस भने उहाँभन्दा झण्डै २० वर्ष कान्छी हुनुहुन्छ। बाइडेनले आफूलाई अन्तरिम राष्ट्रपतिको रुपमा व्याख्या गरेकाले दोस्रो कार्यकालका लागि उहाँले उम्मेदवारी नदिने संभावना रहेको छ। उहाँ यसअघि सन् २००९ देखि २०१७ सम्म बाराक ओबामा राष्ट्रपति भएको बेला उपराष्ट्रपति हुनुहुन्थ्यो। त्यसअघि बाइडेन सन् १९७३ देखि सन् २००९ सम्म निरन्तर सिनेटर हुनुभएको थियो। उहाँ सन् १९८८ मा पनि राष्ट्रपतिका लागि प्रत्यासीका रुपमा उभिनु भएको थियो। तर बेलायती एक राजनीतिज्ञको भाषण अनधिकृत रुपमा प्रयोग गरेको आरोप लागेपछि उहाँ पछाडी पर्नु भएको थियो।

बाइडेनको जन्म सन् १९४२ नोभेम्बर २० अमेरिकाको पेन्सिल्भेनिया राज्य अन्तर्गत पर्ने स्क्रान्स्टनमा भएको हो। उहाँलाई पटक पटक पारिवारिक शोक परेको थियो। उहाँकी पहिलो पत्नी नेलिया र छोरी नाओमीको कार दुर्घटनामा मृत्यु भएको थियो। सिनेटमा पहिलो पटक चुनाव जितेपछि शपथग्रहण गर्न जाँदै गर्दा दुर्घटनामा परेर नेलिया र नाओमीको मृत्यु भएको हो। दुर्घटनामा दुई छोरा पनि घाइते भएकामा बो बाइडेनको २०१५ मा ४६ वर्षको उमेरमा मस्तिष्क सम्बन्धी समस्याका कारण मृत्यु भएको थियो। उहाँका चार सन्तान हुन।

उहाँले उच्च शिक्षा अन्तर्गत कानुन अध्ययन गर्नु भएको थियो भने अमेरिकामा लामो समय निरन्तर राजनीतिमा सक्रिया नेताका रुपमा चिनिनुहुन्छ।

### भारतमा सङ्क्रमितको सङ्ख्या ९० लाख नाघ्यो

नयाँ दिल्ली, ५ मङ्सिर (रासस/पिटिआई)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको सङ्ख्या ९० लाख नाघेको छ। शुक्रबार मात्रै ४५ हजार ८८२ जना नयाँ सङ्क्रमित थपिएका हुन्। कूल सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या भने ८४ लाख भन्दा बढी रहेको छ। भारतमा सङ्क्रमणमुक्त भएकहरुको दर ९३.६ प्रतिशत रहेको केन्द्रीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाइएको छ।

मन्त्रालयका अनुसार अहिलेसम्म कूल ९० लाख चार हजार ३६५ जना सङ्क्रमित भएका हुन भने कूल एक लाख ३२ हजार १६२ जनाको मृत्यु भएको छ। ती मध्ये ५८४ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो। भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या चार लाख ४३ हजार ७९४ रहेको छ।

### कोरोना संकट गहिरियो, क्यालिफोर्नियामा घरमै बस्न आदेश

क्यालिफोर्निया, ५ मङ्सिर (रासस/एएनआई)।

कोरोनाभाइरसको संक्रमण अत्यधिक बृद्धि हुँदै गएको भन्दै अमेरिकाको क्यालिफोर्निया राज्यमा मानिसलाई घरमै बस्न आदेश दिइएको छ।

क्यालिफोर्नियाको सार्वजनिक स्वास्थ्य विभागले अत्यावश्यक काम बाहेक अन्य अवस्थामा घर बाहिर ननिस्कन जारी गरेको आदेशमा उल्लेख गरिएको छ। शनिबारदेखि लागु हुने आदेश आगामी डिसेम्बर २१ तारिखसम्म कायम रहने र आवश्यकता अनुसार फेरि थप हुनसक्ने अधिकारीहरुले जनाएका छन्।

"हाम्रो राज्यमा महामारी बढ्दै गइरहेको छ, केही हप्ता जटिल र संकटपूर्ण हुने देखिएको छ, त्यसैले हामी सबैले उच्च सतर्कता अपनाउन आवश्यक छ," क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमले भन्नुभयो। क्यालिफोर्नियामा अहिलेसम्म दश लाख ५९ हजार २६७ जना सङ्क्रमित भएका छन् भने १८ हजार ४६६ जनाको मृत्यु भएको छ।

# स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि स्रोत सुनिश्चत

काठमाडौँ, ५ मङ्सिर (रासस)।

सरकारले सबै स्थानीय तहमा अस्पताल निर्माण गर्ने लक्ष्यका साथ पहिलो चरणमा कूल ३९६ अस्पतालका लागि स्रोत सुनिश्चित गरेको छ।

उक्त स्रोतबाट स्थानीय तहमा आधारभूत अस्पताल निर्माण हुनेछन्। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सो कार्यका लागि रु ५७ अर्ब ९७ करोड ११ लाख ९० हजार बराबरको निर्माण कार्य अगाडि बढाउने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहमति दिनुभएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता रामेश्वर दङ्गालले पाँचदेखि १५ शचयाका आधारभूत अस्पताल दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयले सहमति दिने निर्णय गरेको जानकारी दिनुभयो।

यसरी कायम हुने रकम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वार्षिक बजेटमा समावेश गरी स्थानीय तहमा सशर्त अनुदानको रुपमा उपलब्ध गराइनेछ। अर्थ मन्त्रालयले स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि यसअघि रु छ अर्ब १२ करोड २६ लाख स्थानीय तहमा पठाइसकेको छ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेल र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालको उपस्थितिमा एक महिना अघि भएको बैठकले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने कार्यतयी क्रमअनुसार यही मङ्सिर १५ गते भवन निर्माणको शिलान्यास गर्ने निर्णय गरेको थियो।

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा पाँचदेखि १५ शचयासम्मका आधारभूत अस्पताल स्थापना गर्ने उल्लेख गरिएको छ।

# थप ६ कम्पनीका स्यानिटाइजर बिक्रीमा प्रतिबन्ध

काठमाडौँ, ५ मङ्सिर (रासस)।

औषधि व्यवस्था विभागले ६ कम्पनीका स्यानिटाइजरमा प्रतिबन्ध लगाएको छ। विभागले पछिल्लो समय बजार अनुगमनका क्रममा विभिन्न कम्पनीका उत्पादनमा मानव स्वास्थ्यमा हानि पुऱ्याउने मेथानोल भेटिएपछि बिक्री तथा वितरणमा प्रतिबन्ध लगाएको हो।

बजारमा बिक्रीवितरणमा रहेको ह्यान्ड स्यानिटाइजरको नमूना सङ्कलन गरी राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गर्दा तोकिएको मापदण्ड 'इन्स्ट्यान्ट ह्याण्ड स्यानिटाइजरसम्बन्धी स्तर २०७६' विपरीत विषाक्त रसाउन मेथानोल भेटिएपछि उत्पादन तथा बिक्रीवितरणमा रोक लगाइएको विभागका महानिर्देशक भरत भट्टराईले जानकारी दिनुभयो।

उहाँका अनुसार सीता हर्बल सुनसरीले उत्पादन गरेको ५० मिलिलिटरमा ८० प्रतिशत र पाँच सय मिलिलिटरको स्यानिटाइजरमा ८८ प्रतिशत मेथानोल भेटिएको छ। यसैगरी मकालु जडिबुटी सुनसरी, सुनिमा आयुर्वेद कम्पनी मोरङ, एमके हर्बल ललितपुर र ग्यालेक्सी डेण्टल एण्ड सर्जिकल मोरङले उत्पादन गरेका स्यानिटाइजरमा मेथानोल भेटिएको हो।

प्रतिबन्ध लगाइएका उद्योग तथा कम्पनीका उत्पादन प्रयोग नगर्न सर्वसाधारणलाई आग्रह गर्दै तत्काल बजारमा बिक्रीवितरणमा रोक लगाउन र बजारबाट फिर्ता लैजान निर्देशन दिइएको छ। यसअघि विभागले गुणस्तरहीन भएकाले भारतीय, चिनियाँ तथा नेपाली उद्योगले उत्पादन गरेका विभिन्न कम्पनीका स्यानिटाइजरमा प्रतिबन्ध लगाइसकेको छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


# चालु आवमा सडक बालबालिकामुक्त राष्ट्र घोषणा गरिने

काठमाडौँ, ५ मङ्सिर (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री लीलानाथ श्रेष्ठले सडक बालबालिकामुक्त राष्ट्र निर्माणमा सहयोग गर्न सबैसँग आग्रह गर्नुभएको छ। अन्तरराष्ट्रिय बाल अधिकार दिवसका अवसरमा मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्द्वारा यहाँ शुक्रबार आयोजित कार्यक्रममा उहाँले संवैधानिकरुपमा सुनिश्चित बालबालिकासम्बन्धी अधिकारलाई व्यावहारिकरुपमै प्रभावकारी कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्रालयका सचिव यामकुमारी खतिवडाले बालबालिकाका लागि दशवर्षे रणनीति बनाउने तयारी भइरहेको जानकारी दिँदै प्रदेश र स्थानीय तहमा बालबालिकासम्बन्धी संरचना निर्माण गर्नुपर्ने बताउनुभयो। परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलले बाल अधिकारसम्बन्धी महासन्धि १९८९ भइसकेपछि हालसम्म ३० वर्षका अवधिमा बालअधिकारको संवैधानिक सुनिश्चित हुनाका साथै कार्यान्वयनका लागि संरचनालगायत विकास भएको बताउनुभयो। उहाँले चालु आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने योजना रहेको जानकारी दिँदै बालविवाह, बालश्रम शोषण तथा बालबालिका बेचबिखन मुख्य चुनौतीका रुपमा देखा पेरेको बताउनुभयो। विसं २०६८ को जनगणनानुसार १८ वर्षमुनिका बालबालिकाको जनसङ्ख्या ४२ प्रतिशत छ।

यसैबीच न्यायका लागि मानव अधिकार नामक संस्थाले सम्पूर्ण द्वन्द्वपीडितलाई न्याय दिन र दोषीलाई कारवाही गर्न माग गरेको छ। सो संस्थाले द्वन्द्वपीडितलाई न्याय र दोषीलाई कारवाहीका लागि आवश्यक कानून, प्रभावकारी आयोग बनाउन र न्याय सुव्यवस्था कायम गरी दण्डहीनताको अन्त्य गर्न माग गरेको छ।

पीडकमाथि कानूनी दण्ड तथा पीडितको परिपूरण, स्वास्थ्योपचार र जीवनयापनको सुनिश्चितताको जिम्मा सरकारको भए पनि शान्ति सम्झौता भएको १४ वर्षका अवधिमा सकारले पीडितलाई झुक्याउने र थकाउने कामबाहेक केही नगरेको संस्थाले आरोप लगाएको छ।

# वाग्मती प्रदेशमा कोरोना सङ्क्रमणबाट ६०० बढीको निधन

वाग्मती, ५ मङ्सिर (रासस)।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणबाट हेटौँडालगायत वाग्मती प्रदेशमा हालसम्म ६३१ जनाको मृत्यु भइसकेको छ।

वाग्मती प्रदेश, सामाजिक विकास मन्त्रालयका अनुसार वाग्मती प्रदेशमा एक लाख १७ हजार १९७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। मन्त्रालयको कोभिड-१९ का प्रवक्ता डा पुरुषोत्तम सेढाईंका अनुसार कूल सङ्क्रमितमध्ये ९८ हजार ५५९ जना उपचारपछि निको भएर घर फर्किसकेका छन्। वाग्मती प्रदेशमा कोरोना सङ्क्रमणबाट निको हुने दर ८४ प्रतिशत रहेको उहाँको भनाइ छ।

प्रवक्ता डा सेढाईंका अनुसार मुलुकको कूल कोरोना सङ्क्रमितमध्ये वाग्मती प्रदेशमा ५० प्रतिशत रहेको छ। कोरोनाको सङ्क्रमणबाट सुरक्षित रहन सरकारले निर्धारण गरेको विषयलाई पालना गर्नुपर्ने उहाँको भनाइ छ।

यसैबीच हेटौँडा उपमहानगरपालिका-५ का ६४ वर्षीया एक महिलाको कोरोना सङ्क्रमणबाट शुक्रबार आफ्नै घरमा मृत्यु भएको बताइएको छ। उनलाई कात्तिक १८ गते कोरोना पुष्टि भएको थियो। शव व्यवस्थापन नेपाली सेनाले गर्ने निजको परिवारले जनाएको छ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरु हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, Himal Remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*